# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८

## (बाह्रौं संशोधन, २०८० सहित)

अर्थ मन्त्रालय

सिंहदरबार

२०६८, असार

अनुसूची–१५
(दफा २० को उपदफा (४) संग सम्बन्धित)
कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित

# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको <u>नियमावली</u>

## परिच्छेद — १
## <u>प्रारम्भिक</u>

१. <u>**कम्पनीको नामः**</u> यस कम्पनीको नाम **"हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड" हुनेछ**। जसलाई अंग्रेजीमा **"Hydroelectricity Investment and Development Company Limited"** भनिनेछ।[1]

२. <u>**कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगानाः**</u> यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१ मा रहनेछ।[2]

३. <u>**परिभाषाः**</u> विषय वा परिभाषले अर्को अर्थ नलागेमा यस नियमावलीमा,
(क) "ऐन भन्नाले" कम्पनी ऐन, २०६३ सम्झनु पर्छ।
(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ।
(ग) "कम्पनी" भन्नाले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड सम्झनुपर्छ।
(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ।
(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ।
(च) "समिति" भन्नाले सञ्चालक समिति सम्झनु पर्छ।

४. <u>**कम्पनीको उद्देश्यः**</u> कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ।

[1] सातौं संशोधन, २०७४ बाट संशोधन गरिएको।
[2] एघारौ संशोधन, २०७९बाट संशोधन गरिएको।

## परिच्छेद - २
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्यः** यस कम्पनीको शेयरको अंकित मूल्य रु.१०० (अक्षरेपी एक सय) हुनेछ।[३]

६. **शेयरमा लियन रहने कुराः** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानुन बमोजिम बुझाउनुपर्ने बाकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहने छ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीहरुको हक, अधिकार तथा बन्देजहरुः** कम्पनीले दुई किसिमको शेयरको ब्यवस्था गरेको छ।[४]

(क) साधारण शेयर

(ख) अग्राधिकार शेयर

साधारण शेयरको समुहगत संरचना प्रबन्ध पत्रको दफा ६ मा उल्लेख गरिए बमोजिम हुनेछ।

८. **नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्न शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिनेः** नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्न शेयरधनीको अधिकारमा हेरफेर गर्दा प्रचलित कानून बमोजिम गरिनेछ।[५]

९. **अग्राधिकार शेयरः** कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गरी पूँजी परिचालन गर्न सक्नेछ। अग्राधिकार शेयरको हकमा शेयरधनीको हक अधिकार तथा बन्देजहरु उक्त शेयर जारी गर्ने बखतमा प्रकाशित गरिने विस्तृत विवरणपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ।[६]

१०. **संस्थापकले लिनु पर्ने शेयरः** शेयरधनीले कम्पनीको संस्थापक हुन कम्तीमा १,००,००,००० (एक करोड) कित्ता शेयर लिएको हुनुपर्नेछ।[७]

तर, कम्पनी संस्थापना भए पश्चात संस्थापक समूहको शेयर खरिद गर्ने शेयरधनीको हकमा सो सीमा लागू हुनेछैन।[८]

---

[३] तेस्रो संशोधन, २०७० बाट संशोधन गरिएको।
[४] पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।
[५] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।
[६] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।
[७] तेस्रो संशोधन, २०७० बाट संशोधन गरिएको।
[८] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

**११. <u>शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्थाः</u>** कम्पनीले आवश्यकता अनुसार शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ। शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कुरा ऐन बमोजिम हुनेछ।

**१२. <u>शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्थाः</u>**

(१) कम्पनीको शेयर चल सम्पत्ति सरह अर्को व्यक्तिलाई विक्री गर्न वा धितो बन्धक राख्न सक्नेछ।

(२) शेयर विक्री वा धितो बन्धक र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐन बमोजिम हुनेछ।

(३) संस्थापक समुहको शेयर हस्तान्तरण गर्दा ऐन तथा धितोपत्र सम्बन्धी प्रचलित कानून, प्रबन्धपत्र तथा यस नियमावलीको अधीनमा रही गरिनेछ।

**१३. <u>शेयरको प्रमाण पत्रः</u>**[६] (१) कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कुनै सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये कुनै दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ।

(२) शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ।

**१४. <u>शेयर पूँजी हेरफेर गर्ने कुराः</u>** प्रचलित कानुन अनुरुप साधारण सभामा प्रस्ताव पेश गरी साधारण सभाको निर्णयबाट कम्पनीको शेयर पुँजी हेरफेर गर्न सकिनेछ।

**१५. <u>आफ्नो शेयर आफैले खरिद गर्ने सम्बन्धी व्यवस्थाः</u>**

(१) नेपाल सरकारको स्वीकृति लिई कम्पनीले आफ्नो शेयर आफैं खरिद गर्न सक्नेछ।

(२) कम्पनीले आफ्नो शेयर आफै खरिद गर्दा ऐनको अधिनमा रही सञ्चालक समितिले तोके बमोजिमको प्रतिशतसम्म खरिद गर्न सक्नेछ।

**१६. <u>ऋण वा डिबेञ्चर सम्बन्धी व्यवस्थाः</u>**

(१) कम्पनीले सञ्चालक समितिको स्वीकृति लिई प्रचलित कानुनको अधिनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ।

(२) जारी पूँजी पूर्ण रुपमा चूक्ता नभएसम्म कम्पनीले डिबेञ्चर उठाउन सक्ने छैन।

(३) कम्पनीले जारी गरेको डिबेञ्चर शेयरमा परिणत हुन सक्नेछ। सो लाई साधारण सभाले अनुमोदन गरेपछि मात्र लागु हुनेछ।

---

[६] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

(४) उपनियम (३) बमोजिम डिबेञ्चर शेयरमा परिणत गर्नु पर्दा त्यस सम्बन्धी कुनै शर्त तोक्नु परेमा सञ्चालक समितिले तोक्न सक्नेछ।

(५) कम्पनीको डिबेञ्चर अन्य चल सम्पत्ति सरह धितो बन्धक राख्न सकिनेछ।

(६) ऋृण वा डिबेञ्चर सम्बन्धी अन्य कुरा ऐनमा व्यवस्था भए बमोजिम हुनेछ।

(७) डिबेञ्चर हस्तान्तरण र दाखिल खारेज सम्बन्धी व्यवस्था ऐनमा उल्लेख भए बमोजिम हुनेछ।

**१७. <u>शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षणः</u>**

(१) कम्पनीको शेयरधनी वा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा सात दिन अगावै सूचना टाँस गरी एक बर्षमा पैतालिस दिनमा नबढाई एक पटकमा बढीमा तीस दिन सम्म दर्ता किताबको निरिक्षण बन्द गर्न सक्नेछ।

(२) कसैले शेयरवालाको दर्ता किताबको प्रतिलिपी लिन चाहेमा उपनियम (१) को प्रतिबन्धात्मक व्यवस्था बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक सञ्चालक समितिले तोके बमोजिम दस्तुर लिई प्रतिलिपी दिईनेछ।

(३) शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ।[१०]

## परिच्छेद —३

## <u>साधारण सभा</u>

**१८. <u>कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्थाः</u>** (१) यस कम्पनीको साधारण सभा देहायबमोजिम हुनेछः—

(क) वार्षिक साभारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले आफ्नो कार्यालयबाट कारोबार गर्न स्वीकत पाएको मितिले एक वर्ष भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको छ महिना भित्र गरिनेछ।[११]

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा एक्काइस दिन अगावै र विशेष

---

[१०]दशौं संशोधन, २०७८ बाट थप गरिएको।

[११]नवौं संशोधन, २०७७ बाट संशोधन गरिएको।

साधारण सभा गर्नका लागि कम्तीमा पन्ध्र दिन अगावै सबै शेयरधनीहरुलाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सूचना दिइनेछ। सो सूचना कम्तीमा एकपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गरिनेछ।

(४) सञ्चालक समितिको अध्यक्षको निर्देशन बमोजिम कम्पनी सचिवले र कम्पनी सचिवको अनुपस्थितिमा सञ्चालक समितिले तोकेको पदाधीकारीले साधारण सभा बोलाउनेछ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तीमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन्। यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनुपर्नेछ। यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तीमा सात दिनको म्याद दिइ पुनः साधारण सभा बोलाइनेछ। यस्तो सूचना कम्तीमा सात दिन अघि कुनै राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ।

१९. **<u>साधारण सभाको कार्यविधिः</u>** (१) साधारण सभाको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

(२) समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ। तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफूमध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ।

(३) सभाको काम कारबाही प्रारम्भ हुनु अघि सभाको वैधताबारे छलफल गरी गणपुरक संख्या पुगे वा नपुगेको यकिन गर्नुपर्नेछ र गणपुरक संख्या पुगेको पाइएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ। अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) कुल शेयर पुँजीको सत्सठ्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सुचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको पक्रिया अनुसार मत सङ्कलन गरिनेछ।

२०. **साधारण सभामा पेश गर्ने अन्य विषयः** ऐनमा उल्लेख भएका विषयहरु वाहेक साधारण सभामा पेश गर्नुपर्ने अन्य केही विषय भएमा समितिले निर्णय गरी पेश गर्न सक्नेछ।

२१. **विशेष प्रस्तावः** ऐनमा उल्लेख भएका विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पेश गर्नुपर्ने भएको भनि समितिले निर्णय गरेमा विशेष प्रस्ताव सम्बन्धी प्रावधान थप गर्न सकिनेछ।

२२. **विशेष साधारण सभाः** ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ।

२३. **गणपुरक संख्याः** बाँडफाँड भएको कूल शेयर संख्याको कम्तीमा पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुनेछैन।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाइएको साधारण सभामा कूल शेयर संख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्थाः** (१) प्रचलित कानुन बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुत्त गर्न सकिनेछ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ।

(३) प्रतिनिधि नियुक्ति गर्दा कम्पनीको शेयरधनीलाई नै गर्नुपर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने

कम्पनीको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन।[१२]

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन।

२५. **<u>मतदानः</u>** (१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एकमत दिने अधिकार हुनेछ।

(२) फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन।

(३) साधारण सभामा मताधिकार नहुने शेयर जारी गरिएको छैन।

(४) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने भए कुन अनुपातमा मतदान गर्न सकिने हो सो कुरा खुलाउने।

(५) सञ्चालक निर्वाचन गर्दा मतदान नगरी अन्य तरिकाले नियुक्ति गर्ने भए सो सम्बन्धी व्यवस्था खुलाउने।

२६. **<u>साधारण सभाको निर्णय विवरणको अभिलेखः</u>** (१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख खडा गरी राखिनेछ। त्यस्तो अभिलेखमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ। कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ। त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ।सस

## परिच्छेद — ४
## <u>सञ्चालक समिति</u>

२७. **<u>सञ्चालक समितिको गठन, संख्या र कार्यकालः</u>** (१)[१३] सञ्चालकहरुको नियुक्ति, मनोनयन वा

[१२]दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[१३]दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ।

तर, समूह "क" को उपसमूह क-१ मा रहेका नेपाल सरकारका निकायहरु र उपसमूह क-२ मा रहेका सार्वजनिक निकायहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु सम्बन्धित निकायबाट नियुक्त हुनेछन्।

(२)[१४] यस कम्पनीमा सात जनाको सञ्चालक समिति हुनेछ।

(क) समूह “क” का शेयरधनीहरु मध्येबाट ५ जना

(१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)

(२) नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)

(३) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट दुई वर्षमा पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)[१५]

(४) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा दुई वर्षमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी)[१६]

(५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट निर्वाचित १ जना

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित १ जना

(ग) स्वतन्त्र सञ्चालक १ जना।

(३) सञ्चालकहरुको कार्यकाल ४ (चार) वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले भएको थियो सोही प्रक्रियाबाट गरिनेछ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकालसम्मको लागि मात्र हुनेछ।

तर, वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यहोराले रिक्त

---

[१४] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[१५] बाह्रौं संशोधन, २०८० बाट संशोधन गरिएको।

[१६] बाह्रौं संशोधन, २०८० बाट संशोधन गरिएको।

भएमा सो रिक्त स्थानमा अर्को साधारण सभासम्मको लागि सञ्चालक समितिले सञ्चालक नियुक्त गर्नेछ।

(५) संगठित संस्थाले सञ्चालक नियुक्त गर्दा निजको बैकल्पिक सञ्चालक पनि नियुक्त गर्नसक्नेछ।

(६) सञ्चालकको निर्वाचनको लागी सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ।

(७) सञ्चालकहरुले आफुमध्येबाट बहुमतले छानेको कुनै एक जना ब्यक्ति समितिको अध्यक्ष हुनेछ।

(८) यस कम्पनीको प्रथम साधारण सभा नभएसम्म निम्न सञ्चालक रहेको प्रथम सञ्चालक समिति रहनेछः

(क) सचिव, नेपाल सरकार, ऊर्जा मन्त्रालय

(ख) डेपुटी गभर्नर, नेपाल राष्ट्र बैंक

(ग) सह—सचिव, नेपाल सरकार, अर्थ मन्त्रालय

(घ) सह—सचिव, कानून, न्याय, संविधानसभा तथा संसदिय मामिला मन्त्रालय[१७]

(ङ) कार्यकारी प्रमुख, कर्मचारी संचय कोष

(च) सह—महालेखा नियन्त्रक, महालेखा नियन्त्रकको कार्यालय

२८. <u>**सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्याः**</u>[१८] यस कम्पनीको सञ्चालकको पदमा नियुक्त, मनोनयन वा निर्वाचित हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा न्युनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ।

तर, स्वतन्त्र सञ्चालक र नेपाल सरकार वा सङ्गठीत संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।

२९. <u>**शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउनेः**</u>[१९] (१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेको एक जना स्वतन्त्र सञ्चालक रहनेछन्ः—

(क) नियुक्ति हुँदाका वखतमा कम्तीमा ४० वर्ष उमेर पूरा भएको र ६० वर्ष ननाघेको,

(ख) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको,

(ग) राजनैतिक दलको सदस्य नरहेको,

(घ) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय

---

[१७] दोस्रो संशोधन, २०६९ बाट संशोधन गरिएको।

[१८] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[१९] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

नपाएको,

(ङ) बैंकको ऋण नतिर्नेको कालोसूचिमा समावेश नभएको, र

(च) व्यक्तिगत वेरुजू वा सरकारी रकम बक्यौता नरहेको।

(२) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त स्वतन्त्र सञ्चालकको लागि देहायको शैक्षिक योग्यता र कार्य अनुभव हुनु पर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट इञ्जिनियरिङ्ग, जलविद्युत, निर्माण व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको, र

(ख) कुनै विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्थामा लगानी व्यवस्थापनको क्षेत्रमा सञ्चालक वा पदाधिकारी तहमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको वा ऊर्जा उत्पादन/प्रसारण/परामर्श/विकाससँग सम्बन्धित सङ्गठीत संस्थाको सञ्चालक वा पदाधिकारी तहमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको वा नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको सङ्गठीत संस्थामा बैंकिङ्ग, ऊर्जा वा आर्थिक व्यवस्थापनको क्षेत्रमा अधिकृत प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको।

(३) स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा एक जना सञ्चालक नियुक्तिको लागि कम्तीमा तीन जना योग्य व्यक्तिहरुको नाम स्वतन्त्र सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ।

(४) स्वतन्त्र सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ।

(५) स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ।

**३०.** **<u>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्नेः</u>**[२०] (१) एक पटक सञ्चालक भईसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन सक्नेछ।

तर, स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो व्यवस्था प्रारम्भ हुँदा बहाल रहेको स्वतन्त्र सञ्चालक सो पदमा नियुक्ति हुँदाका बखत कायम रहेको व्यवस्था अनुसार आफ्नो

---

[२०] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

पूरा कार्यकाल पदमा बहाल रहन सक्नेछ।

३१. **सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो खुलाउनेः**[२१] समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छः-

(क) संस्थापक समूह "क" मा २ वटा उपसमूह रहनेछ। उपसमूह क-१ बाट मनोनित ३ जना, उपसमूह क-२ मा रहेका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय वीमा संस्थानमध्येबाट आपसी सहमतिमा पालोक्रम अनुसार मनोनित १ जना र उपसमूह क-२ मा रहेका अन्य संस्थापक शेयरधनीहरुबाट निर्वाचित १ जना गरी जम्मा ५ जना सञ्चालकहरु हुनेछन्। कुनै उपसमूहमा आपसी सहमती हुन नसकी निर्वाचन हुने भएमा सोही उपसमूहका शेयरधनीहरुको मात्र सो उपसमूहमा मतदान गर्ने अधिकार हुनेछ। उपसमूह क-२ अन्तर्गतका अन्य संस्थापकलाई छुट्याइएको सम्पूर्ण शेयर चुक्ता भए पश्चात त्यस्ता संस्थापक शेयरधनीबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुनेछ।

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित १ जना।

३२. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी ब्यवस्थाः**

(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुबिधा साधारण सभाले तोकेबमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि सञ्चालकको प्रति बैठक रु. ७०००|– (सात हजार मात्र) बैठक भत्ता प्रदान गरिनेछ।[२२]
यसरी तोकिएको पारिश्रमिक, भत्ता तथा सुबिधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

(३) सञ्चालकले यस नियमावलीमा लेखिएदेखि बाहेक कुनै व्वक्तिगत फाईदा वा सुविधा लिन हुदैन र लिएको पाइएमा ऐन बमोजिम कसुर गरेको मानी त्यस्तो रकम निजबाट असुल उपर गरिनेछ ।

३३. **सञ्चालक समितिको काम, कर्तब्य र अधिकारहरुः** (१) समितिको काम कर्तब्य र अधिकारहरु ऐनमा ब्यवस्था गरिए अनुरुप हुनेछ।

(२) समितिले कर्मचारी सेवा शर्त विनियमावली[२३], आर्थिक प्रशासन सम्बन्धी विनियमावली, लगानी

---

[२१]दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

[२२]सातौं संशोधन, २०७४ बाट संशोधन गरिएको।

[२३]पाचौं संशोधन, २०७२ बाट संशोधन गरिएको।

सम्बन्धी विनियमावली, ऋण लगानी नीति बनाई लागू गर्नेछ।

३४. **अधिकार प्रत्यायेजन सम्बन्धी ब्यवस्थाः** (१) ऐनको अधिनमा रही समितिले आफनो अधिकार मध्ये केहि यस कम्पनीका अन्य सञ्चालक, पदाधिकारी, उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) ऐन र प्रबन्धपत्रको अधिनमा रही समितिले बिषय, ब्यक्ति, समिति/उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

३५. **प्रबन्ध सञ्चालक सम्बन्धी ब्यवस्थाः** (१) यो कम्पनीमा प्रबन्ध सञ्चालकको ब्यवस्था गरिएको छैन।

(२) कम्पनीमा कार्यकारी प्रमुखको रुपमा काम गर्ने गरी सञ्चालक समितिका अध्यक्ष वा सदस्य नियुक्त हुन सक्ने छैन ।

३६. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी ब्यवस्थाः** (१) कम्पनीको प्रमुख प्रशासकको रुपमा कम्पनीमा एक प्रमुख कार्यकारी अधिकृत रहनेछ। समितिले ऐन, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा कम्पनी सञ्चालनका नीतिगत आधारहरुको अधीनमा रही खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्नेछ। खुला प्रतिस्पर्धा सञ्चालन गरी प्रमुख कार्यकारी अधिकृतको नियुक्तिको सिफारिस गर्न देहाय बमोजिमको छनौट समिति रहने छः-[२४]

(क) अध्यक्ष वा निजले तोकेको समितिको सदस्य -संयोजक

(ख) प्रतिनिधि, लोकसेवा आयोग (सहसचिवस्तर) -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय (सहसचिवस्तर) -सदस्य

(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विश्व विद्यालय अन्तर्गत जनप्रशासन वा व्यवस्थापनका क्षेत्रमा अध्यापन तथा अनुसन्धानरत प्राध्यापकहरु मध्ये समितिबाट मनोनीत एकजना -सदस्य

(ङ) पदपूर्ति सम्बन्धी मानव संसाधन विज्ञहरुमध्ये समितिबाट मनोनीत एकजना -सदस्य

तर, प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी ब्यवस्था कम्पनीको प्रवन्धपत्र, नियमावली र कम्पनी सञ्चालनका नीतिगत आधारहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून र नेपाल सरकारबाट जारी भएका गठन आदेश, निर्देशिका आदिमा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्वन्धी छुट्टै ब्यवस्था गरिएमा सोही वमोजिम प्रमुख कार्यकारी अधिकृतको नियुक्ति गर्न यस नियमावलीमा लेखिएको व्यवस्थाले कुनै असर गर्ने छैन।

---

[२४]नवौं संशोधन, २०७७ बाट संशोधन गरिएको।

(२) देहायको योग्यता पुगेको ब्यक्ति कम्पनीको प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्तिका लागि उम्मेदवार हुन सक्नेछः-[२५]

(क) पैंतीस वर्ष उमेर पूरा भएको र पचपन्न बर्ष ननाघेको,

(ख) मान्यता प्राप्त विश्वविद्यालयबाट जनप्रशासन वा व्यवस्थापन वा व्यापार वा वित्त वा अर्थशास्त्र वा इञ्जिनियरिङ्ग वा कानूनमा वाणिज्य वा कम्पनी कानून विषय लिई प्रथम श्रेणीमा स्नातकोत्तर गरेको र बैकिङ्ग वा वित्तीय वा कोष व्यवस्थापन वा ईञ्जिनियरिङ्गका क्षेत्रमा कम्तीमा अधिकृत द्वितीय वा वरिष्ठ प्रवन्धक तहमा वा नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणी वा सो सरहको पदमा कम्तीमा सात वर्षको अनुभव प्राप्त गरेको, वा

(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रथम श्रेणीमा स्नातक उपाधि हासिल गरी चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरेको र नेपाल सरकारको वा सङ्गठित संस्थाको अधिकृतस्तरको पदमा चार्टर्ड एकाउन्टेन्सी सम्बन्धी काममा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको, र

(घ) प्रचलित कानूनले अयोग्य नभएको ।

(२क) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कार्यरत कर्मचारीले कम्पनीको कार्यकारी प्रमुखको पदमा उम्मेदवार हुन वाधा पर्ने छैन । तर कार्यकारी प्रमुखको पदमा उम्मेदवारी दिंदा त्यस्ता कर्मचारीले आफु कार्यरत निकायबाट पूर्व स्वीकृति पत्र (No Objection Letter) समेत पेश गर्नु पर्नेछ।[२६]

(२ख) देहायको ब्यक्ति प्रमुख कार्यकारी अधिकृतको पदमा नियुक्ति हुन वा बहाल रहन सक्ने छैनः-[२७]

(क) गैरनेपाली नागरिक,

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको स्वामित्व भएको संस्था, सङ्गठित संस्था, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट भविष्यमा सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त भएको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको,

(घ) भ्रष्टाचारजन्य कसूरमा सजाय पाएको,

(ङ) तोकिएको न्यूनतम योग्यता नपुगेको,

---

[२५]नवौं संशोधन, २०७७ बाट संशोधन गरिएको।

[२६]पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

[२७]नवौं संशोधन, २०७७ बाट संशोधन गरिएको।

(च) साहुको दामासाहीमा परेको,

(छ) कुनै कम्पनीको बहालवाला सञ्चालक रहेको (आफू कार्यरत संस्थाबाट पदीय हिसाबले प्रतिनिधित्व गरी सञ्चालक मनोनित भएको अवस्थामा बाहेक),

(ज) मानसिक सन्तुलन ठीक नभएको,

(झ) कम्पनीको कुनै पदमा निलम्वनमा रहेको,

(ञ) नसिहत पाएकोमा सो पाएको मितिले एक वर्ष र तलबवृद्धि रोक्का भएकोमा सो रोक्का रहेको अवधिभर,

(ट) विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमतिको लागि आवेदन दिएको ।

(२ग) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रमुख कार्यकारी अधिकृत उनान्साठी बर्ष पूरा भएपछि सो पदमा बहाल रहन सक्ने छैन।[२८]

(२घ) यस नियम बमोजिम प्रमुख कार्यकारी अधिकृतको छनौटको लागि विज्ञापन प्रकाशन, लिखित वा अन्य किसिमको प्रतिस्पर्धात्मक परीक्षाको किसिम र अङ्कभार निर्धारण तथा त्यस्तो परीक्षा सञ्चालन लगायतको अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।[२९]

(३) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु समितिले तोके बमोजिम वा सेवा करारद्वारा निश्चित गरिनेछ ।

(४) प्रमुख कार्यकारी अधिकृतको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको निर्णय लागू गर्ने र ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही कम्पनीको काम, कारवाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने ,

(ख) कम्पनीको वार्षिक बजेट र कार्ययोजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) कम्पनीको विनियमावलीको अधीनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) समिति र साधारण सभाद्वारा गरिएका निर्णय कार्यान्वयन गर्ने गराउने,

(ङ) ऐन, प्रबन्धपत्र र यस नियमावलीको अधीनमा रही कुनै निकायमा कम्पनीले पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि यथासमयमा पेश गर्ने,

(च) कम्पनी सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने,

(छ) प्रमुख कार्यकारी अधिकृत आफ्नो कामको निमित्त समितिप्रति उत्तरदायी हुनेछ।

---

[२८]नवौं संशोधन, २०७७ बाट संशोधन गरिएको।

[२९]नवौं संशोधन, २०७७ बाट संशोधन गरिएको।

(ज) प्रमुख कार्यकारी अधिकृतले प्रत्येक वर्ष समितिसँग आफ्नो कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ।

(५) कम्पनी सञ्चालनका नीतिगत आधारहरुको दफा ग(२) मा उल्लेख भए अनुसार व्यवस्थापन समूहको कार्यकाल सामान्यतः ६ महिनाको हुनेछ । सञ्चालक समितिले व्यवस्थापन समूहको कार्यकाल आवश्यकतानुसार थप गर्न सक्नेछ । व्यवस्थापन समूहले सम्पादन गर्नु पर्ने काम प्रचलित कानूनको अधिनमा रही समितिले तोके बमोजिम हुनेछ।[३०]

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको रुपमा काम गर्न नेपाल सरकारको प्रथम श्रेणीको अधिकृत तोकिदिन ऊर्जा मन्त्रालय समक्ष अनुरोध गर्न सकिनेछ ।[३१]

(७) कम्पनीमा तत्काल कर्मचारी पदपूर्ति हुन सक्ने अवस्था नभएमा समितिले नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व प्राप्त संस्थानमा कार्यरत कर्मचारीहरु कम्पनीमा काम गर्न काजमा खटाई दिन उर्जा मन्त्रालय समक्ष अनुरोध गर्न सक्नेछ ।[३२]

३७. **<u>सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउनेः</u>** समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलउनेछ र कम्पनी सचिव नियुक्त नभएको वा अनुपस्थित भएको अवस्थामा प्रमुख कार्यकारी अधिकृतले समितिको बैठक बोलाउन सक्नेछ ।

३८. **<u>सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) समितिको बैठक दुईवटा बैठक बीचको अवधि दुई महिनाभन्दा बढी नहुने गरी वर्षमा कम्तिमा बाह्रपटक बैठक बस्नुपर्नेछ। सञ्चालक समितिको अध्यक्षको निर्देशनमा कम्पनी सचिवले समितिको बैठक बोलाउने छ। त्यसरी बैठक नबोलाएमा कुल सञ्चालक संख्याको कम्तीमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैंठक बोलाउनु पर्नेछ। यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तीमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन्। यसरी बैठक बोलाउँदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनुपर्नेछ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालकहरु समितिको बैंठकमा स्वयम् उपस्थित हुनुपर्नेछ । वैकल्पिक सञ्चालक नियुक्त

---

[३०]पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

[३१]पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

[३२]पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

गर्ने सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ । तर सञ्चालक र बैकल्पिक सञ्चालक एकैपटक सञ्चालक समितिको बैठकमा उपस्थित हुन सक्ने छैनन् ।

(४) सञ्चालकहरुको कुल संख्याको कम्तीमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुनेछैन ।

तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तीमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारबाही तथा निर्णय मान्य हुनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्नो निजि सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालकहरुले विद्युतिय माध्यमको प्रयोग गरी अभौतिक रुपमा उपस्थिति जनाई सञ्चालक समितिको बैठक बस्न सक्नेछ।[३३]

**३९. <u>सञ्चालक समितिको निर्णयको अभिलेखः</u>**(१) समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुले दस्तखत गरेको हुनुपर्नेछ ।

---

[३३]दशौं संशोधन, २०७८ बाट थप गरिएको।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद — ५

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४०. **कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षण:**(१) कम्पनीको लेखा तथा हिसावकिताब, खाता, वही, श्रेस्ता, लेखाको अभिलेख यथार्थ र दुरुस्त रुपमा प्रतिबिम्बित हुने गरी दोहोरो लेखा प्रणालीमा आधारित सर्वमान्य सिद्धान्त र अधिकार प्राप्त निकायले लागू गरेको लेखामान (एकाउण्टिङ्ग स्ट्याण्डर्ड) अनुरुप अद्यावधिक रुपमा राख्नुपर्नेछ र यस्तो लेखा आफ्नो रजिष्टर्ड (केन्द्रिय) कार्यालयमा राख्नुपर्नेछ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताब प्रत्येक दिनको कारोवार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(३) ऐन बमोजिम यस कम्पनीले आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउनेछ ।

(४) कम्पनीको साधारण सभाले ऐन बमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्नेछ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसावकिताव र लेखाबाट कम्पनीको वासलात, नाफा नोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्वोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ। कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) लेखापरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

(७) कम्पनीको अद्यावधिक हिसावकिताव कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनुपर्नेछ ।

४१. **लेखापरीक्षण समिति सम्बन्धी ब्यवस्था:** समितिले प्रचलित कानुनको अधिनमा रहि लेखापरीक्षण समितिको ब्यवस्था गरि सो को काम, कर्तब्य र अधिकार तोक्न सक्नेछ ।

## परिच्छेद — ६
## विविध

४२. **लाभांश सम्बन्धी व्यवस्थाः** (१) लाभांश वितरण गर्ने निर्णय भएको पैंतालिस दिन भित्र लाभांस वितरण गर्नुपर्नेछ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको ब्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नुपर्नेछ ।

(३) यस निएमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि कम्पनीले शेयर बापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राक्न सकिनेछ ।

४३. **शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सुचनाः** कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनी, सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विद्युतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. **कम्पनी सचिवः** सञ्चालक समितिले कम्पनी सचिवको नियुक्ति गर्नेछ। त्यसरी कम्पनी सचिव नियुक्ति नभएसम्मका लागि प्रमुख कार्यकारी अधिकृतले नै कम्पनी सचिवको रुपमा काम गर्नेछ।

४५. **कम्पनीको छापः** (१) कम्पनीको छाप प्रमुख कार्यकारी अधिकृतको जिम्मामा रहनेछ। जसको प्रयोग कम्पनीको कारोबारको प्रयोजनको लागि गरिनेछ। निजले कम्पनीका अन्य कर्मचारीलाई छापको प्रयोग गर्नेगरी जिम्मेवारी सुम्पन सक्नेछ।

(२) अनधिकृतरुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सृजना भएमा सो छाप जिम्मा लिने ब्यक्तिबाट त्यस्तो दायित्व वापत सृजना हुने रकम असुल उपर गरिनेछ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी ब्यवस्थाः**

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाण पत्र वा कम्पनीको तर्फवाट कार्यालयमा पेश गरेको कुनै लिखतको प्रतिलिपी कुनै शेयरधनी वा कुनै सरोकारवालाले माग गरेमा रु. १०|– प्रति पाना दस्तुर लिई प्रतिलिपि दिनुपर्नेछ।

(२) साधारण सभाको कामकारबाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०|– दस्तुर लाग्नेछ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. ५०|– दस्तुर लाग्नेछ।

(४) शेयरप्रमाणपत्रको प्रतिलिपि १००|– दस्तुर लाग्नेछ।

(५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु. १०|– दस्तुर लाग्नेछ।

४७. **<u>कम्पनी गाभिने कुराः</u>** (१) यस कम्पनीमा अर्को कुनै कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरि ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफु अर्को कम्पनीमा गाभिन सक्नेछ।

(२) कम्पनी अर्को कम्पनीसंग गाभिँदा, शेयरको हेरफेर वा हस्तान्तरण वा कम्पनीको सम्पुर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने शेयरधनिको हकमा कुनै विशेष ब्यवस्था गर्न सकिनेछ।

४८. **<u>कम्पनीको खारेजीः</u>** (१) प्रचलित कानुनको अधिनमा रहि कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि कम्पनी खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ। त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्नेछन्।

(४) कम्पनीको खारेजी सम्बन्धी अन्य व्यवस्था ऐन तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

४९. **<u>कुनै खास ब्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनुपर्ने भनि प्रचलित कानुनमा कुनै कुरा खुलाउने ब्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउनेः</u>** (१) यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत रही यसले जलविद्युत तथा नवीकरणीय उर्जा क्षेत्रमा लगानी एवं विकासका लागि मात्र आवश्यक कारोबार गर्नेछ।[३४]

(२) कम्पनीले आफ्नो काम कारोबार सुव्यवस्थित रुपले सञ्चालन गर्न तथा ऐनको उद्देश्य कार्यान्वयन गर्न समितिले आवश्यकताअनुसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागू गर्न सक्नेछ।

---

[३४] दशौं संशोधन, २०७८ बाट संशोधन गरिएको।

(३) कम्पनीले जलविद्युत विकास तथा विद्युतीय क्षेत्रमा कारोबार सञ्चालन गर्नको लागि संघ÷संस्था वा अन्य कुनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सक्नेछ।

(४) कम्पनीले कूल सम्पत्ति र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरी उपयुक्त मापदण्डलाई आधार मानि पूँजीकोषको व्यवस्था गर्नेछ । साथै, सम्पत्तिको मूल्यमा कुनै किसिमको गिरावट आएमा हुने जोखिमलाई व्यवस्थापन गर्न जोखिम व्यवस्थापन कोषको व्यवस्था गर्नेछ।[३५]

(५) .........[३६]

(५क) उपनियम (५) बमोजिम नायव महाप्रवन्धकको नियुक्ति सम्बन्धी सम्पूर्ण कार्य पदपूर्ति उपसमितिले गर्नेछ । उपसमितिले आवश्यक ठानेमा नायम महाप्रवन्धकको नियुक्तिको लागि छनौट प्रक्रियाका सम्बन्धमा सुझाव लिन सम्बन्धित क्षेत्रका विज्ञहरुलाई आमन्त्रण गर्नसक्नेछ।[३७]

(६) नायब महाप्रबन्धकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु समितिले तोके बमोजिम वा सेवा करारद्वारा निश्चित गरिनेछ।

(७) उचित शर्तहरूको आधारमा स्वदेशी वा विदेशी संघ÷संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिसंग कोष व्यवस्थापक (फण्ड म्यानेजर)को रुपमा व्यवस्थापन सम्झौता गरी उक्त कोष व्यवस्थापकलाई कम्पनीको सञ्चालन वा व्यवस्थापन गर्न जिम्मा दिन सक्नेछ।

(८) अन्य कर्मचारी सम्बन्धी व्यवस्था कर्मचारी विनियमावली वा सञ्चालक समितिले तोकेबमोजिम हुनेछ।

**५०.** **<u>अन्य आवश्यक कुराहरुः</u>** (१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गते देखि प्रारम्भ भई अर्को वर्षको आषाढ मसान्तसम्म हुनेछ ।

(२) कम्पनीमा ट्रेड युनियनको अधिकार प्रदान गरिने छैन।

**५१.** **नियमावलीमा संशोधन भएमा लागू हुने अवस्थाः** यस नियमावलीमा कुनै संशोधन भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी सो निर्णय कार्यकालमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ।

**५२.** **नियमावली बाझिएको हदसम्म अमान्य हुनेः** यस नियमावलीमा लेखिएका कुराहरु ऐन, अन्य प्रचलित

[३५]पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

[३६]नवौं संशोधन, २०७७ बाट झिकिएको।

[३७]पहिलो संशोधन, २०६८ बाट संशोधन गरिएको।

कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वतः वदर हुनेछन्।

**५३.** **<u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः</u>** हामी हामी हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडका संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं। यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो। कुनै कारणले झुट्टा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं। यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहिछाप गरेका छौंः[३८]

| संस्थापकको नाम, ठेगाना र सहिछाप | बाबु/ पतिको नाम | नागरिकताको प्रमाणपत्र नं. र नागरिकता प्राप्त गरेको जिल्ला/विदेशी भए राहदानी नं. | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहिछाप | साक्षीको नागरिकताको प्रमाणपत्र नं. र जिल्ला |
|---|---|---|---|---|---|
| द.<br>नामः नेपाल सरकार, अर्थ मन्त्रालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, सिंहदरबार, वडा नं.... व्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा. बा. | | | ४,४०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |
| द.<br>नामः नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, सिंहदरबार, वडा नं.... व्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं... | | | २,२०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |

[३८]तेस्रो संशोधन, २०७० बाट संशोधन गरिएको।

| | | | | | |
|---|---|---|---|---|---|
| दा.                    बा. | | | | | |
| द.<br>नामः नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, सिंहदरबार, वडा नं.... ब्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा.                    बा. | | | २,२०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा.        बा. | |
| द.<br>नामः नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालयका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, अनामनगर, वडा नं.... ब्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा.                    बा. | | | २,२०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा.        बा. | |
| द.<br>नामः कर्मचारी सञ्चय कोषका तर्फबाट...<br>ठेगानाः ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका, पुल्चोक, वडा नं.... ब्लक नं. ...... फोन नं. ५०१०१२९, ५०१०१८० फ्याक्सः.. इ–मेलः.. पो.ब.नं... | | | १,१०,००,००० । | द.<br>नामः<br>ठेगानाः...........<br>जिल्ला.........<br>नगरपालिका/ गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा.        बा. | |

| | | | | | |
|---|---|---|---|---|---|
| दा. बा. | | | | | |
| द.<br>नामः राष्ट्रिय बीमा संस्थानका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, रामशाहपथ, वडा नं.... व्लक नं. ...... फोन नं... फ्याक्सः.. इ–मेलः.. पो.ब.नं...<br>दा. बा. | | | १,१०,००,००० । | द.<br>नामः<br>ठेगानाः............<br>जिल्ला.........<br>नगरपालिका/<br>गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |
| द.<br>नामः नागरिक लगानी कोषका तर्फबाट...<br>ठेगानाः काठमाण्डौ जिल्ला काठमाण्डौ महानगरपालिका, पुतलीसडक, वडा नं.... व्लक नं. ...... फोन नं. ४२२८७५९, ४२४०५९८ फ्याक्सः.. इ–मेलः cit@htp.com.np<br>पो.ब.नं. ५८२३<br>दा. बा. | | | १,१०,००,००० । | द.<br>नामः<br>ठेगानाः............<br>जिल्ला.........<br>नगरपालिका/<br>गा.वि.स....<br>वडा नं. ........<br>ब्लक नं..........<br>दा. बा. | |

इति संवत् २०६८ साल असार महिना ... गते रोज .... शुभम् । ——————————